अन्तर्राष्ट्रिय नारी दिवस २०७८

"दिगो भविष्यका लागि आजै लैंगिक समानता"

अवधारणा-पत्र

**पृष्ठभूमीः**

अन्तर्राष्ट्रिय नारी दिवस (आइडब्लूडी) हरेक वर्ष मार्च ८ (२४ फाल्गुण २०७८) का दिन विश्वव्यापी रुपमा मनाउने गरिएको छ । यसपालिको अन्तर्राष्ट्रिय नारी दिवस ८ मार्च २०२२ को भाव सबैका लागि थप दिगो भविष्य निर्माण गर्न, जलवायु परिवर्तन अनुकुलन, न्यूनीकरण र प्रतिकार्य सम्बन्धमा विश्वभरका जो नारी तथा किशोरीहरु लागिपरेका छन्, तिनको योगदानलाई सम्मान गर्दै "दिगो भविष्यका लागि आजै लैंगिक समानता" भन्ने रहेको छ ।

जलवायु सङ्कट र प्रकोप जोखिम न्यूनीकरणका सन्दर्भमा लैंगिक समानतालाई अघि बढाउनु २१औं सताब्दीको सबैभन्दा ठूलो विश्वव्यापी चुनौति हो । जलवायु परिवर्तन र दिगोपनाको सवालले हाम्रो वातावरण, आर्थिक तथा सामाजिक विकासमा गम्भीर र दिगो असर छाडेको थियो र यो निरन्तर रहनेछ । जो अति विपन्न र सीमान्तकृत मध्येका पर्दछन्, तिनले सबैभन्दा गहिरो असरको अनुभव गर्दछन् । नारीहरु जलवायु परिवर्तनको असरबाट पुरुषहरुभन्दा थप बढ्दो रुपमा जोखिममा भएको स्पष्ट छ, किनकी उनीहरु विश्वमै गरिबहरुमध्ये धेरैको संख्यामा छन् र प्राकृतिक स्रोतमा बढि आश्रित छन्, जसको कारणले जलवायु परिवर्तनको अधिक जोखिम उनीहरुमा हुने गर्दछ।

साथसाथै, महिला र किशोरीहरु भनेका जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरणको लागि प्रभावकारी र शक्तिशाली नेतृत्व तथा परिवर्तनका संवाहक हुन् । उनीहरु विश्वभरी नै दिगोपनाको पहलकदमीहरुमा संलग्न छन्, र तिनको सहभागिता र नेतृत्वले थप प्रभावकारी जलवायु कार्यहरुको परिणति दिन्छ । महिला र किशोरीहरुको आवाज बुलन्द पार्न अवसरहरुसँगै अवरोधहरुको निरन्तर परीक्षण गर्नुका साथै उनीहरुको सशक्तिकरण गर्नु तथा जलवायु परिवर्तन र दिगोपनासँग सम्बन्धित निर्णय-लिनमा उनीहरुलाई समान कर्ताको भूमिकामा राख्नु दिगो विकास र सुदृढ लैंगिक समानताका लागि अत्यावश्यक हुन्छ । आजको लैंगिक समानता विना दिगो भविष्य र समान भविष्य हाम्रो पहुँचभन्दा टाढा रहन्छ ।

अन्तर्राष्टिय नारी दिवसको भाव महिलाको अवस्था सम्बन्धी आगामी ६६औं आयोग (सीएसडब्लू६६) का लागि प्राथमिकतायुक्त भावः "जलवायु परिवर्तन, वातावरण तथा प्रकोप जोखिम न्यूनीकरण नीति तथा कार्यक्रमहरुका सन्दर्भमा सबै महिला तथा किशोरीहरुको सशक्तिकरण र लैंगिक समानता हासिल गर्दै" सँग आवद्ध गरिएको छ ।

आईडब्लूडी २०२२ को संयुक्त राष्ट्रसंघीय उत्तरदायित्वसँग सम्बन्धित थप सूचनाहरु युएन विमिन (UN Women) को वेभसाइटमा निकट भविष्यमै अविलम्ब सार्वजनिक गरिनेछ । सामाजिक सञ्जालका लागि

ह्यासट्याग #IWD2022, #InternationalWomensDay, #BreakTheBias, #GenerationEquality रहनेछ ।

युएनडीपी नेपालले हरेक वर्ष विश्वभरका महिला तथा किशोरीहरुको उपलब्धीहरुबारे हर्षबढाइ गर्न, परिवर्तनका लागि प्रदर्शन गर्न तथा समानताका लागि सामाजिक जनचेतना जगाउन विभिन्न पृष्ठभूमीका मानिसहरुलाई एकसाथ ल्याई विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउन विविध गतिविधि तथा कार्यक्रमहरु आयोजना गर्ने गर्दछ । यस वर्ष युएनडीपी नेपालद्वारा ८-१२ कक्षासम्मका विद्यार्थीहरुलाई सहभागी गराई मनाइनेछ । कार्यक्रम अन्तर्गत #IWD2022 भावमा कविता प्रतियोगिता समावेश हुनेछ । प्राथमिक लक्षित विद्यार्थीहरुमा सरकारी सामुदायिक विद्यालय र महिला प्रधानाध्यापकद्वारा सञ्चालित विद्यालयका विद्यार्थीहरु रहनेछन् ।

**उद्देश्यः**

यस प्रतियोगिताको मूल उद्देश्य भनेको विश्वभरका महिला तथा किशोरीहरु जो लैंगिक समानताको वातावरण परिवर्तन गर्न र दिगो भविष्य निर्माणमा कार्यरत छन्, उनीहरुको योगदानलाई विद्यार्थीहरुबाट पहिचान गर्न र युवा विद्यार्थी तथा किशोरीहरुलाई उनीहरुको दिमाग बोल्ने बनाउनका लागि उनीहरुलाई अवसर सृजना गर्दै बौद्धिकतालाई तिखार्नु हो । यसका अतिरिक्त “दिगो भविष्य” तर्फ उनीहरुको प्रतिवद्धताका लागि अभिप्रेरित गर्नु हो ।

- महिलाहरुको अवस्थाको प्रतिविम्वन गर्नु तथा आफ्ना धारणा र चासोहरु अभिव्यक्त गर्नु,
- विशेषतः जलवायु सवालमा खासगरी महिलाहरुले खेलेको नेतृत्वदायी भूमिकाका सम्बन्धमा विद्यार्थीहरुमाझ चेतना अभिवृद्धि गर्ने,
- विद्यार्थीहरुलाई कविताको माध्यमबाट सृजनात्मक रुपमा विचारहरु अभिव्यक्त गर्न उत्साहित गर्ने,
- विद्यार्थीहरुमाझ सृजनात्मक तथा वाचनकला विकास गर्ने ।

युएनडीपी नेपालले कोभिड-१९ महामारीको अवस्था हेरी भर्चुअल आधारमा र/ वा अर्को मिश्रित आधारमा गर्नेछः

“दिगो भविष्यका लागि आजै लैंगिक समानता” शीर्षकमा आधारित भई कविता प्रतियोगिता गर्नुपर्दछ ।

१. प्रदेश स्तरको कविता प्रतियोगिता – अन्तर्राष्ट्रिय नारी दिवस २०२२ भावमा आधारित

१ मार्च २०२२(१७ फाल्गुन २०७८)

(सम्भावित शीर्षकहरुः महिला नेतृत्व र जलवायु परिवर्तन, दिगो विकास लक्ष्यका लागि लैंगिक समानता,

जलवायु उत्थानशील समाजका लागि नारी, महिला र वातावरण आदि)

२. माथिको शीर्षकमै आधारित भई राष्ट्रिय कविता प्रतियोगिता – ८ मार्च २०२२ (२४ फाल्गुन २०७८)

प्रदेश स्तरको कविता प्रतियोगिता – १ मार्च २०२२ (१७ फाल्गुन २०७८)

सामुदायिक (पब्लिक) विद्यालय जुन नेपाल सरकारद्वारा नमूना विद्यालयको रुपमा पहिचान भएको छ वा सातवटै प्रदेशभरीबाट महिला प्रधानाध्यापक भई नेतृत्व गरिरहेको विद्यालयहरु यसमा सहभागी हुनेछन् । ती विद्यालयहरुलाई प्रतिगोगिताको विशिष्टीकृत उद्देश्य अनुरुप कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरुलाई लिखित कविता पेश गर्न अभिप्रेरित गरिनेछ । प्रतियोगितामा भाग लिन इच्छुक विद्यालयहरुले अनलाईन रजिष्ट्रेशन (रजिष्ट्रेशन फारम लिङ्क) फारम भर्नुपर्दछ र आयोजकले पहिला रजिष्ट्रेशन (दर्ता) गर्ने विद्यालयहरुमध्येबाट (फस्ट कम, फस्ट सर्भका  आधारमा) प्राथमिकता दिई ७ (सात) वटा विद्यालयहरु छनोट गरिनेछ। सोहीअनुरुप, निमन्त्रणा र अवधारणा-पत्र छनोट भएका सातवटा विद्यालयहरुलाई  वितरण गरिनेछ।

सहभागी विद्यालयहरुले प्रदेश स्तरको भर्चुअल कविता प्रतियोगितामा सहभागी हुनको लागि आफ्नो विद्यालयको कक्षा ८ देखि १२ सम्मको विद्यार्थीहरुमध्येबाट एक  उत्कृष्ट  कविको नाम आफ्नो सम्बन्धित प्रदेशको युएनडीपी फिल्ड कार्यालयमा पेश गर्नुपर्नेछ ।

प्रदेश स्तरको कविता प्रतियोगिता युएनडीपी फिल्ड (क्षेत्रीय/ प्रादेशिक) कार्यालयहरुले भर्चुअल माध्यमबाट र/ वा मिश्रित (हाइब्रिड) रुपमा १ मार्च २०२२ (१७ फाल्गुन २०७८) १०:०० बजेदेखि ०१:०० बजेबीच गरिनेछ।  प्रत्येक प्रदेशबाट तीन-तीन जना उत्कृष्ट  कविहरु छनोट हुनेछन् र निर्णायक मण्डलले तीनजना मध्येबाट सिफारिस गरेको सर्वोत्कृष्ट एक-एक जना कविहरु (प्रत्येक प्रदेशबाट) राष्ट्रिय स्तरको कविता प्रतियोगितामा प्रवेश गर्नेछ ।

प्रत्येक प्रादेशिक युएनडीपीको फिल्ड कार्यालय युएनडीपीसँग समन्वय गर्दै आफ्नो सम्बन्धित प्रदेशभित्रका सम्बन्धित विद्यालयहरुसँग समन्वय गर्न जिम्मेवार हुनेछ ।

राष्ट्रिय  स्तरको कविता प्रतियोगिता –  ८ मार्च २०२२ (२४ फाल्गुन २०७८)

राष्ट्रिय स्तरको कविता प्रतियोगिता युएनडीपी नेपालद्वारा ८ मार्च २०२२ (२४ फाल्गुन २०७८) १०:०० बजेदेखि ०१:०० बजेसम्म भर्चुअल माध्यमबाट आयोजना हुनेछ । अन्तिम चरण मा तीनजना सर्वोत्कृष्ट कविहरु पुरस्कृत हुनेछन् ।

कार्यक्रम युएनडीपी नेपालको फेसबुकमार्फत लाइभ हुनेछ ।

**कविता प्रतियोगिताका नियमहरुः**

- कविता प्रतियोगिताका लागि भाव (विषय) दिगो भविष्यका लागि आजै लैंगिक समानता"   (सम्भावित शीर्षकहरुः दिगो विकास लक्ष्यका लागि लैंगिक समानता, जलवायु उत्थानशील समाजका लागि नारी, महिला र वातावरण आदि) । शीर्षकहरुको पूरा शीर्षकहरु विद्यालयहरुलाई सुरु हुनुभन्दा ठीक अघि प्रदान गरिनेछ ।
- कविता आफै लेखिएको सामग्रीमा आधारित हुनेछ ।
- कविताको भाषा इच्छाइएको कुनैपनि भाषा (नेपाली, अंग्रेजी, मातृभाषा) हुनसक्छ ।
- प्रत्येक प्रतियोगीहरुलाई ५ मिनेटको समय प्रदान गरिनेछ ।
- निर्णयको मापदण्ड दिइएको शीर्षकमा विद्यार्थीले कविता वाचन गरेको आधारमा हुनेछः

(क) कविताको विषयबस्तु,

(ख) अभिव्यक्ति र शारीरिक हाउभाउ

(ग) उच्चारण

(घ) शब्द चयन

(ङ) सम्प्रेषण र शैली

(च) नविनता

- निर्णायक मण्डलको निर्णय नै अन्तिम र सबै उमेद्वारको लागि बाध्यकारी हुनेछ ।

**जुरी (निर्णायक मण्डल)**

- युएनडीपी नेपालल कविता प्रतियोगिताको लागि देशव्यापी  रुपमा ख्यातीप्राप्त व्यक्तित्वहरुको जुरी (निर्णायक मण्डल) छनोट गर्न जिम्मेवार हुनेछन् । (सुझावित जुरी सदस्यहरुः मन्त्रालय, महिला उपमेयर, नेताहरु, कविहरु, लेखकहरु आदि)
- युएनडीपी नेपालसँग कविता प्रतियोगिताको लागि निर्णायकहरुको छनोट र नियुक्ति गर्ने पुरै तजविजी अधिकार हुनेछ ।

**कविता प्रतियोगिताका लागि पुरस्कारः**

देशगत कविता प्रतियोगिताः सम्पूर्ण सहभागीहरुले विद्युतीय प्रसंसापत्र प्राप्त गर्नेछन् । जुरीका सदस्यहरुले समेत मायाको चिनो प्राप्त गर्नेछन् ।

सर्वोत्कृष्ठ तीनजना कविहरुलाई पुरस्कृत गरिनेछ ।

सर्वोत्कृष्ठ कविताहरु युएनडीपीको सामाजिक सञ्जाल र वेभसाइटहरुमा प्रकाशित गरिनेछ ।

**जुम निमन्त्रणा**

कविता प्रतियोगिताः जुम मिटिङको निमन्त्रणा सम्बन्धित युएनडीपी नेपाल मार्फत प्रेषित गरिनेछ ।

निमन्त्रणा सबै सहभागी विद्यालयहरु र विद्यार्थीहरुको लागि खुला छ ।

**सर्वाधिकार**

युएनडीपीसँग कविताहरुको श्रव्य दृष्यलाई संयोजन गरी एकीकृत गर्ने र गैर नाफामूलक रुपमा सर्जक/लेखकहरुलाई विनाकुनै पूर्वजानकारीसमेत प्रकाशन र/ वा सार्वजनिक वितरण गर्ने अधिकार रहको छ ।

**बाल संरक्षणः**

सहभागी हुने विद्‌यालयहरुले देहायबमोजिम सुनिश्चित गर्नुपर्दछ

१) सहभागी विद्‌यार्थीहरु जो बाल्यावस्थाका (माइनर) छन् भने कम्तिमा एकजना अभिभावक/कानूनी अभिभावकलाई निजी तथ्याङ्कहरु पेश गर्ने सम्बन्धी सहमति पत्रमा हस्ताक्षर गराउनुपर्नेछ ।

२) १८ वर्षभन्दा माथिका विद्‌यार्थीहरुले तथ्याङ्क गोपनीयताका सवालमा आफैले अनुमति दिनुपर्दछ ।

३) निर्णायकहरुका लागि आचार संहिता ।

४) प्रतियोगीहरुको आचार  संहिताका लागि अभिभावकहरुले समेत हस्ताक्षर गर्नुपर्नेछ ।

५) विद्‌यार्थी र निर्णायकहरुका लागि चित्रहरुको प्रयोग/लाइभस्ट्रिम सहमति फारम ।

६) प्रत्येक प्रतियोगी वक्ताहरु, जो आफ्नो सम्बन्धित देशमा बालबालिकाको परिभाषाभित्र पर्दछन्, उनीहरुको अभिभावकको आईडीको फारमको स्क्यान छायाँप्रति आवश्यक हुनेछ ।

युएनडीपी नेपालले प्रतियोगितापूर्व अभिभावक र बालबालिकाहरुको सहमती पत्रमा हस्ताक्षर भएको सुनिश्चित गर्नेछ ।

**सहभागीहरुः**

प्रतियोगिता नेपाल सरकारले घोषित गरेका नमूना विद्‌यालय वा अन्य सामुदायिक विद्‌यालय जुन शिक्षाविदहरुले खोलेका र महिला प्रधानाध्यापकले नेतृत्व गरेका छन्, त्यस्ता विद्‌यालयहरुको कक्षा ८ देखि १२ सम्मका विद्‌यार्थीहरुका लागि मात्र खुला छ । छनोट भएका सहभागीहरुले युएनडीपी नेपालले उपलब्ध गराउने अनलाईन फारम राम्ररी भरी पेश गर्नुपर्दछ ।

**कार्यक्रम सञ्चालनः**

कविता प्रतियोगिता सम्बन्धित युएनडीपी नेपालले सञ्चालन गर्नेछ ।

**भाषाः**

सहभागीहरुले कुनैपनि भाषा छनोट गर्न सक्नेछन्ः जस्तै  नेपाली, अंग्रेजी वा अरु कुनै मातृभाषा ।

सहभागीता जनाउने युएनडीपी नेपालले कार्यक्रमका लागि भाषा व्याख्याता/ अनुवादक र सांकेतिक भाषा अनुवादक व्यवस्थापन गर्नेछन् ।

**सहभागिता**

**यस कोड स्क्यान गरेर वा लिंकमा गएर विद्‌यार्थीले सहभागिता जनाउन सक्नेछ।** https://forms.office.com/r/WaAhURLTbp

**थप सूचनाः**

थप जानकारीका लागि, कृपया देहायको ठेगानामा सम्पर्क गर्नुहोस्ः

**युएनडीपी नेपालका लागि**

काठमाडौं र बागमतीका लागिः

विन्दा मगर

सल्लाहकार (Governance)

स्ट्राटेजिक इन्गेजमेन्ट टिम

binda.magar@undp.org

विनिता कार्की

युएनभी युथ अफिसर

binita.karki@undp.org

गीताञ्जली राई

प्रोग्राम एशोसिएट

स्ट्राटेजिक इन्गेजमेन्ट टिम

geetanjali.rai@undp.org

रिचा रञ्जितकार

सञ्चार विश्लेषक

richa.ranjitkar@undp.rog

**प्रदेश १ र मधेश प्रदेशका लागि**

धनबहादुर चन्द

प्रमुख,

युएनडीपी जनकपुर फिल्ड कार्यालय

dhan.chand@undp.org

विपुलकुमार झा

प्रोग्राम एशोसिएट

युएनडीपी जनकपुर फिल्ड कार्यालय

Bipul.jha@undp.org

**गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका लागि**

सुदिप अर्याल

प्रमुख

युएनडीपी बुटवल फिल्ड कार्यालय

sudip.aryal@undp.org

शीला शर्मा

प्रोग्राम एशोसिएट

युएनडीपी बुटवल फिल्ड कार्यालय

sheela.sharma@undp.org

**कर्णाली प्रदेशका लागि**

रफिक सिद्दीकी

प्रमुख

युएनडीपी सुर्खेत फिल्ड कार्यालय

rafeeque.siddique@undp.org

सजनी चौधरी

प्रोग्राम एशोसिएट

युएनडीपी सुर्खेत फिल्ड कार्यालय

sajani.chaudhary@undp.org

**सुदूरपश्चिम प्रदेशका लागि**

श्री बैजन्ती गिरि सिंह

प्रमुख

युएनडीपी धनगढी फिल्ड कार्यालय

baijanti.singh@undp.org

लक्ष्मी विक

प्रोग्राम एशोसिएट

युएनडीपी धनगढी फिल्ड कार्यालय

laxmi.bk@undp.org